दुल्लू नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## दुल्लू, दैलेख

### वोलपत्र आव्हानको सूचना

नागरिक राष्ट्रिय दैनिकमा प्रथमपटक प्रकाशित सूचना :- मिति २०७६/०१/१७

यस दुल्लू नगरपालिका, नगर कार्यपालिका कार्यालय दुल्लू, दैलेखले तपशिल वमोजिमका कामहरु सिलवन्दी वोलपत्रको माध्यमबाट आगामी २०७६ असार मसान्त भित्र निर्माण गराउनु पर्ने भएको हुंदा नेपाल सरकारवाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुवाट देहायको शर्तहरुको अधिनमा रहि तोकिएको समय भित्र रितपूर्वकको सिलवन्दी वोलपत्र आह्वान गरिएको छ ।

१. वोलपत्र प्रथम पटक नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित मितिले ३० औं दिनभित्र कार्यालय समयमा नविकरण भएको इजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र, नगरपालिका क्षेत्र भित्रका व्यावसायी भए न.पा.मा व्यवसाय दर्ता गरेको प्रमाण पत्र, आ.व.२०७४/०७५ सम्म कर चुक्ता प्रमाण-पत्र, अन्य ठेक्का सम्वन्धि कागजात सहितको प्रमाणित प्रतिलिपिहरु संलग्न राखि निवेदनका साथ तपशिलमा उल्लेखित रकम (पछि फिर्ता नहुने गरी) बुझाई यस कार्यालयमा आफै आई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई निवेदन दिई वोलपत्र खरिद गर्न सकिनेछ ।
२. वोलपत्र पत्र दस्तुर रु. ३०००।०० यस कार्यालयको रा.बा.बैंक दुल्लू स्थित हि.नं.४३४०३०२०३६३०२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको राजश्व शाखामा नगदै जम्मा गरी सोको रसिद साथ माथि उल्लेखित कागजातहरु संलग्न राखी सूचना प्रकाशित भएको मितिले ३० औं दिन सम्म खरिद गर्न सकिने छ ।
३. सिलबन्दी वोलपत्रको प्रत्येक पानामा सहिछाप गरि तल उल्लेखित क्रार्यको लागी देहाय बमोजीमको धरौटी रकम सिलबन्दी वोलपत्र साथ कम्तिमा १२० (एक सय विस) दिन म्याद भएको जमानत पत्र (विड वण्ड) वा यस कार्यालयको नाममा रा.वा.बैंक दुल्लू शाखामा रहेको ४३४०३०३००७१०२ खातामा धरौटी वापतको रकम जम्मा गरेको सक्कल बैंक भौचर सिलबन्दी वोलपत्र साथ संलग्न राखि यस कार्यालय मा ३१ (एकतिसौं) दिनको १२ :०० बजेभित्र दर्ता गर्नुपर्ने छ ।
४. सिलवन्दी वोलपत्र स्वीकृत भएपछि आफूले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम तथा १५ प्रतिशत भन्दावढि घटेकोमा घटी कवोल अंक को ५० प्रतिशतमा ५ प्रतिशत थप गरी सोही धरौटी खातामा जम्मा गरेको बैङ्क भौचर वा घटीमा ४ (१२० दिन) महिना म्याद भएको कार्य सम्पादन बैङ्क जमानत पत्र (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ ।
५. दर्ता भएको वोलपत्र ३१ औं दिन दिनको २.०० वजे यस कार्यालयमा वोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । वोलपत्र दाता वा निजको प्रतिनिधिउपस्थित नभए पनि वोलपत्र खोल्न बाधा पर्ने छैन ।
६. दररेट पेश गर्दा प्रत्येक आईटममा अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।
७. रित नपुगेका, म्याद नाघि आएको वा अन्य कुनै शर्त राखिएको वोलपत्र उपर कुनै कारवाही गरिने छैन ।
८. संयूक्त उपक्रम (Joint Venture) को रुपमा वोलपत्र खरिद वा दाखिला गर्दा वढिमा ३ वटा फर्महरुको एउटा संयूक्त उपक्रम वनाई वोलपत्र खरिद वा दाखिला गर्न सकिने छ । तर यस्तो संयूक्त उपक्रममा सवै फर्महरुको प्रमाण-पत्र सहित शेयर खुलेको संयुक्त लगानी सम्वन्धि सक्कलै सम्झौता वोल पत्र साथ पेश गर्नुपर्नेछ । यसरी संयूक्त उपक्रममा समावेश भएका साझेदारहरुको हिस्सा कम्तिमा २५ प्रतिशत हुनु पर्नेछ र मूख्य साझेदारको हिस्सा ४० प्रतिशत वा सो भन्दा वढि हुनुपर्नेछ र संयूक्त उपक्रममा समावेश भएका फर्महरुले अर्को छुट्टै वोल पत्र खरिद र दाखिला गर्न पाईने छैन ।
९. जुनफर्मको नामवाट वोलपत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र वोलपत्र दाखिला गर्न पाईने छ ।
१०. वोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिका कार्यालयमा निहित रहनेछ ।
११. यसमा भएकोमा यसै वमोजिम र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली २०६४, (संशोधन सहित) र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।
१२. अन्य कुरा यस कार्यालयमा वा कार्यालय समयभित्र कार्यालयको टेलिफोन नम्बर ०८९-४११०४१ मा वा यस कार्यालयको website: www.dullumun.gov.np बाट बुझ्न सकिनेछ ।

| क्र.स. | ठेक्का नं. | कामको विवरण | ल.ई. रकम भ्याट वाहेक | वोलपत्र फाराम दस्तुर रु. | जमानत रकम | ठेकेदारको वर्ग |
|---|---|---|---|---|---|---|
| १ | ३२/२०७५/०७६ | वारतडी रिजु रातीमाटा कीर्तिखम्व शान्तिवजार नेपा पिपलघारी सडक मर्मत दु.न.पा. वडा ४,५ ७ र ३ | १९५१४४८।१६ | ३,०००।- | ५०,०००।०० | ईजाजत प्राप्त ठेकेदार/ सप्लायर्सहरु |
| २ | ३३/२०७५/०७६ | तल्लोडुंगेश्वर खर्चेगैरा बैंक ट्र्याक ओपन र सडक विस्तार दु.न.पा. वडा नं. ६ र १३ | २०८४८०२।११ | ३,०००।- | ५५,०००।०० | ईजाजत प्राप्त ठेकेदार/ सप्लायर्सहरु |

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत